नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

**इ.प्रा.परिपत्र संख्या : ११/२०७५-७६** **मितिः २०७५/०७/२०**

श्री नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय लगायत सम्पूर्ण कार्यालयहरू, इजाजतपत्र प्राप्त “क” र “ख” वर्गका बैंक/वित्तीय संस्थाहरू तथा अन्य इजाजतपत्रप्राप्त संस्थाहरु

**विषय : वाणिज्य बैंकहरुले परिवर्त्य विदेशी मुद्रामा ऋण लिन सक्ने व्यवस्थामा संशोधन गरिएको सम्बन्धमा ।**

महाशय,

विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १०ख. बमोजिम विदेशी मुद्रामा ऋण लिने सम्बन्धमा यस बैंकले सार्वजनिक रुपमा सूचना प्रकाशन तथा प्रसारण गरी व्यवस्था गर्न सक्ने कानुनी प्रावधान रहे बमोजिम इजाजतपत्रप्राप्त “क” वर्गका वाणिज्य बैंकहरुले विदेशी बैंक तथा वित्तीय संस्थाहरुबाट आफ्नो प्राथमिक पुँजीको २५ प्रतिशतसम्म परिवर्त्य विदेशी मुद्रामा ऋण लिन सक्ने व्यवस्थाका लागि यस बैंकबाट मिति २०७४/१२/२० मा जारी सार्वजनिक सूचनाका अन्य व्यवस्थाहरु यथावत रहने गरी बुँदा (१) र (६) मा देहाय बमोजिम संशोधन गरिएकोले सोही अनुरुप गर्नु हुन यो परिपत्र जारी गरिएको छ ।

(१) यस बैंकबाट इजाजतपत्र प्राप्त “क” वर्गका बैंकहरुले नवीकरणीय उर्जा (जलविद्युत, सौर्य उर्जा र वायु उर्जा) उत्पादन तथा प्रसारण लाइन, सडक, सुरुङ्गमार्ग, विमानस्थल, केवलकार, पुल जस्ता भौतिक पूर्वाधार ( हाउजिङ्ग, जग्गा विकास जस्ता रियलस्टेटको क्षेत्र बाहेक), विदेशी मुद्रा आर्जन गर्ने पर्यटन, कृषि क्षेत्र र लघु वित्त क्षेत्रमा कर्जा प्रवाह गर्ने प्रयोजनका लागि वित्तीय साधनको प्रवन्ध गर्न विदेशी बैंक तथा वित्तीय संस्थाबाट आफ्नो प्राथमिक पूँजीको ५० प्रतिशत रकमसम्म परिवर्त्य विदेशी मुद्रामा ऋण लिन सक्नेछन् ।

(६) ऋणको व्याजदर लगायत ऋणदाताले लगाउने अन्य सम्पूर्ण शुल्क (Fee) गरी अधिकतम 6 Month Libor + 3% भित्र हुनु पर्नेछ । उक्त व्याज लागतको सीमाभित्र रहेर कर्जा स्वीकृत गर्ने प्रयोजनको लागि कुनै शुल्क, कमिशन तिर्न पर्ने भए ऋण प्राप्त भए पछि भुक्तानी दिने गरी व्यवस्था मिलाउन सकिनेछ ।

भवदीय
(भिष्मराज ढुंगाना)
कार्यकारी निर्देशक

**बोधार्थः**

१. श्री गभर्नरको कार्यालय
२. श्री डेपुटी गभर्नरको कार्यालय
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा
४. श्री नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
५. श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ।
६. श्री नेपाल सरकार, गृह मन्त्रालय, अध्यागमन विभाग
७. श्री नेपाल सरकार, राजश्व अनुसन्धान विभाग
८. श्री नेपाल सरकार, भन्सार विभाग
९. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग
१०. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग
११. श्री नेपाल राष्ट्र बैंक, विकास वैंक सुपरिवेक्षण विभाग
१२. श्री नेपाल राष्ट्र बैंक, आन्तरिक लेखा परीक्षण विभाग
१३. श्री नेपाल बैंकर्स संघ
१४. श्री डेभलपमेण्ट बैंकर्स एशोसिएसन
१५. श्री नेपाल उद्योग वाणिज्य महासंघ
१६. श्री नेपाल उद्योग परिसंघ